नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. स्थानीय तहबाट ज्येष्ठ नागरिकहरूलाई वितरण गरिदै आइएको सामाजिक सुरक्षा भत्ताका सन्दर्भमा हाल बैंकमार्फत वितरण गर्दा जोखिम समूहमा रहेका ज्येष्ठ नागरिकहरूमा संक्रमणको थप जोखिम हुनसक्ने देखिएको हुँदा स्थानीय तह अन्तर्गतका सम्बन्धित वडाका वडा अध्यक्षहरूले सम्बन्धितहरूको घरमा गई नै वितरण गर्ने आवश्यक व्यवस्था मिलाउने ।

२. निर्माण सामग्रीहरू ढुवानी गर्ने सवारी साधनहरू बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म मात्र सञ्चालन हुन दिने । साथै, सवारी साधनहरू मर्मत गर्ने सबै वर्कशपहरू बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म मात्र सञ्चालन हुन दिने ।

३. कोभिड-१९ बाट संक्रमितहरूको संख्या तीव्ररूपमा बढ्दै गइरहेको सन्दर्भमा नेपाल अटो तथा विद्युतीय यातायात प्रा.लि., हेटौंडाले हेटौंडा उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूसँग आवश्यक समन्वय गरी प्रत्येक वडामा २/२ वटा अटो "अटो एम्बुलेन्स" को रूपमा सञ्चालन गर्ने ।

४. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३२०९, मिति २०७८-०१-२६ को पत्रबाट अनाधिकृत होल्ड गरिएका अक्सिजन सिलिण्डरहरू उद्योगमा फिर्ता गराइदिने भनी लेखि आएको हुँदा सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, मकवानपुरले आवश्यक व्यवस्था मिलाउने ।

२०७८/१/२६
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी